Received Date : Oct. 2022 Revised :Nov. 2022 Accepted : Dec. 2022

# पाल्पा, तानसेन क्षेत्रमा बौद्ध-धर्मको ऐतिहासिक विकास र वर्तमान अवस्था : एक अध्ययन

**सौन्दर्यवती शाक्य**
इतिहास विभाग, त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा
saundaryashakya88@gmail.com

**सारसंक्षेप**

*प्रस्तुत लेख पश्चिम नेपालको पाल्पा जिल्लामा बसोबास गर्ने बौद्ध धर्मावलम्बी, उनीहरुको ऐतिहासिक विकास र पाल्पा क्षेत्रको परिचयमा आधारित रहेको छ । पाल्पा जिल्लामा मध्यकालमा एक निकै प्रसिद्ध र शक्तिशाली राज्य रहेको थियो । नेपाल एकीकरण पछि त्यो राज्य नेपालमा समाहित भएको थियो । पाल्पा क्षेत्र मगर जातिका मानिसहरुको बाहुल्यता रहेका क्षेत्र हो । तर यस जिल्लाको सदरमुकामा भने नेवार जातिका मानिसहरुको संख्या सबैभन्दा बढी रहेको छ । यस क्षेत्रमा बसोबास गर्ने धेरैजसो मानिसहरु बौद्ध धर्म मान्ने गर्दछन् । यो जिल्ला पर्यटकीय दृष्टिले समेत निकै महत्वको रहेको छ । पाल्पा जिल्ला ढाका टोपी, करुवा जस्ता परम्परागत नेपाली उत्पादनको केन्द्र समेत रहेको हुँदा यसको महत्व छुट्टै रहेको छ । लेखको उद्देश्य पाल्पा जिल्ला, त्यस जिल्लामा बसोबास गर्ने बौद्धमार्गी र उनीहरुको ऐतिहासिक विकासका बारेमा प्रस्ट पार्नु रहेको छ ।*

**मुख्य शब्दावली** : एकीकरण, ऐतिहासिक, नेपाली उत्पादन, मानचित्र, बौद्धमार्गी र स्मारक ।

## परिचय

पाल्पा नेपाल अधिराज्यमा रहेका ७७ वटा जिल्लाहरुमध्ये लुम्बिनी प्रदेशअन्तर्गतको एक जिल्ला हो । यस प्रदेशमा नवलपरासी (पश्चिम), रुपन्देही, कपिलवस्तु, पाल्पा, गुल्मी, अर्घाखाँची, दाङ देउखुरी, रोल्पा, पूर्वी रुकुम, प्यूठान, बाँके र बर्दिया गरी १२ वटा जिल्लाहरु रहेका छन् (https://en.wikipedia.org/wiki/List_of_districts_of_Lumbini_Province)सुन्दर प्राकृतिक छठाले भरिपूर्ण पाल्पा जिल्ला महाभारत पर्वछ श्रृङ्खलामा अवस्थित एक ऐतिहासिक, सामाजिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिकोणले समेत महत्वपूर्ण मानिन्छ । यस पाल्पा जिल्ला१,३६,५९५ हेक्टर क्षेत्रफलमा फैलिएको छ ।

भगवान गौतम बुद्धको जन्मस्थल समेत रहेको लुम्बिनी प्रदेशअन्तर्गत पर्ने पाल्पालाई विश्व मानचित्रमा हेर्दा यसको अवस्थिति २७°१७ देखि २७°३४' उत्तरी अक्षांस र ८२° १५' देखि ८२°२२' पूर्वी देशान्तरमा फैलिएर रहेको छ । यस जिल्लाको उत्तरमा गण्डकी प्रदेशका स्याङ्जा र तनहुँ जिल्लाहरु, पश्चिममा गुल्मी र अर्घाखाँची जिल्लाहरु, दक्षिणमा रुपन्देही र नवलपरासी (पश्चिम) तथा पूर्वमा तनहुँ र नपलपरासी (पूर्व)को गैंडाकोट क्षेत्र रहेका छन् । कुनैपनि स्थानको नामका पछाडि केही न केही ऐतिहासिक आधार रहेको हुन्छ । पाल्पा जिल्लाको नाम 'पाल्पा' रहनुका पछाडि पनि यसको एक ऐतिहासिक आधार रहेको छ । 'पाल्पा' भन्ने यस स्थानको नाम एक विशाल र शक्तिशाली राज्यको नामसँग जोडिएको पाइन्छ (शर्मा, २०५४ : ११) । मध्यकालमा नेपाल अधिराज्यभित्र रहेका अनेकौं राज्यहरुमध्ये पाल्पा निकै शक्तिशाली राज्यका रुपमा रहेको थियो ।

मध्यकालमा कर्णाली प्रदेशको विशाल खस राज्य विभाजन भएपछि बनेको पाल्पा राज्य चौबीसे राज्यअन्तर्गत पर्दथ्यो । त्यहाँ सेन वंशका शासकहरुले शासन गर्दथे । नेपाल राष्ट्रका निर्माता श्री ५

बडामहाराजा पृथ्वीनारायण शाहको जन्म पाल्पाका राजा गन्धर्व सेनकी छोरी कौशल्यावतीको गर्भबाट वि.सं. १७७९ साल पौष २७ गते भएको थियो । गोरखा राज्यको राजगद्दीमा आसिन भएपछि लगत्तै राजा पृथ्वीनारायण शाहले नेपाल एकीकरण अभियानको सुरुवात गरेका थिए । यही कार्यको थालनीका कारण नै विशाल नेपाल राज्यको एकीकरण कार्य सम्पन्न भएको थियो । यसका आधारमा पाल्पा राज्यको महत्व गोरखाको भन्दा कम थिएन भन्न सकिन्छ । यस स्थानको नाम कसरी पाल्पा रहन गयो भन्ने समबन्धमा विभिन्न धारणाहरु रहेको पाइन्छ । महाभारतकालतिर हिमवतखण्डका बासिन्दाहरुमा शक, यवन, किराँत, पल्लव जस्ता जातिहरुको बस्ती रहेकोमा पश्चिम नेपालतिर पल्लव जातिको बस्ती रहेको थियो । त्यही पल्लव जातिको नामका आधारमा यस ठाउँको नाम पाल्पा रहेको मानिन्छ (आचार्य, २०४४ : ९३) । तर यस विषयमा भने इतिहासकारहरु एकमत हुन सकेका छैनन् । पाल्पाको नामकरणका सम्बन्धमा विभिन्न भनाइहरु रहेको पाइन्छ ।

हिमवतखण्डका बासिन्दा पालक कुलको वैदिक संस्कृत भाषाका रुपमा प्रस्तुत पाली भाषाको मूल केन्द्र पनि पाल्पा र पाल्ही माझखण्ड रहेको भन्ने भनाई पाइन्छ । त्यसैगरी मनुस्मृतिमा पनि खस जातिको नाम उल्लेख गर्ने क्रममा पल्लवहरुको चर्चा गरिएको पाइन्छ । अर्को एक भनाइअनुसार पालहरुले शासन गरेको हुनाले यस स्थानको नाम 'पाल्पा' रहन गएको थियो । पाल्पा पदको रुप र प्रत्यक्ष विश्लेषण तर्फ जानेहो भने पाल+पा हुन्छ । त्यस्तै नेपाली शब्दकोशमा पालपा भनी उल्लेख गरिएको छ (पोखरेल, २०४० : ८१९) ॥ भोट बर्मेली भाषा परिवारमा पाल्पाको अर्थ 'घर' वा 'वासस्थान' भन्ने हुन्छ । वर्तमान पाल्पा रहेको स्थानमा आदिमकालदेखि नै मगर जातिका मानिसहरुको बसोबास रहेको थियो (घिमिरे, २०४५ : २३) ।अर्को एक धारणाअनुसार मंगोल भाषामा प्रयोग हुने 'वालवा' शब्द अपभ्रंश भएर पाल्पा भन्ने शब्द बनेको हो (श्रेष्ठ, २०४१ : १९-२०) । यो पाल्पा जिल्लाको सरदमुकामलाई तानसेन भनिन्छ । यो एउटा पहाडी क्षेत्रमा रहेको जिल्ला सदरमुकाम हो । यस नगरभित्र अनेकौं देवी देवताका मन्दिर, बौद्ध विहारहरु, पाटीपौवा आदिले शुसोभित प्रचीन सहर श्रीनगरको काखमा अवस्थित छ । परिवर्तनशिल समयअनुसार यस सहरमा विकासका विभिन्न गतिविधहरु सञ्चालन हुँदै आइरहेका छन् । यसले गर्दा पाल्पा सहर अझै सुन्दर बन्दै गएको छ । पहडी धरातलीय स्वरुपमा रहेको पाल्पा सहर रातीको समयमा बत्तीको झिलिमिलिले गर्दा जुनकिरी जस्तै देखिन्छ ।

पाल्ला जिल्लाभन्दा बाहिर बसोबास गर्ने जुनसुकै मानिसहरु पनि यस स्थानमा पुग्नासथ यहाँको सुन्दरताले मोहित हुने गर्दछन् । यो सहर आकर्षक हुनमा आफ्नै विषेशता रहेको छ । यहाँको जलवायु पनि निकै उपयुक्त रहेको छ । यस स्थानमा न धेरै जाडो न धेरै गर्मी हुन्छ । पाल्पा क्षेत्र प्राकृतिक सुन्दर वातावारणले हराभरा एवं प्रदुषणरहित रहेको छ । चेप्टो ढुङ्गाले छापिएका सडक, दरवार र प्राचीन स्मारकहरुले गर्दा नगर सुन्दर देखिन्छ । यसका साथै मानवलाई आकर्षक पार्ने यहाँ धरै स्थानहरु रहेका छन् । ती स्थानहरुको दृष्यावलोकनका लागि पनि यहाँ स्वदेशी तथा विदेशी पर्यटकहरु आउने गर्दछन् । यो स्थान कला र संस्कृतिले पनि धनी छ । यहँ बनेका धातुका करुवा, हुक्का, अंखोरा, मूर्तीहरु, ढाकाको कपडा नेपालमा मात्र नभएर विश्वमै पसिद्ध रहेका छन् । तानसेन नगरलाई इटलीको भियना सहरसँग तुलना गर्ने गरिन्छ (श्रेष्ठ, २०४१ : २०) । त्यसैगरी पाल्पा सहरलाई भारतको सुन्दर सहर दार्जलिङ्गसँग पनि तुलना गर्ने गरिएको पाइन्छ ।

तानसेन नगरपालिका सहित यहाँ १५ वटा वडाहरु रहेका छन् । यस सहरमा मेहन धारा, नारायण टोल, भीमसेन टोल, मखन टोल, बर्तुङ्ग, गहिरा गाउँ, धरमपानी, कैलासनगर, टक्सार टोल, बसन्तपुर, भगवती टोल, बारुदखाना, गार्खेकोट, धुवाघाट, अर्चले, कुनसरे, काजीपौवा, प्रभास, बासटारी र असन टोल जस्ता टोलहरु रहेका छन् । यस नगरपालिकाको जनसंख्या १६३४९ छ भने यहाँको घरधुरी संख्या ३२२८ रहेको छ ( तानसेन नगरपालिकामा रहेको स्रोतबाट संकलन गरिएको) । यहाँ विभिन्न भाषाभाषी बोल्ने मानिसहरु बसोबास गर्दछन् । त्यसो भए पनि प्रमुख रुपले नेपाली र नेवारी भाषा बोल्ने मानिसहरुको संख्या सबैभन्दा बढी रहेको छ ।

पाल्पा जिल्लाको सदरमुकाम तानसेन बजारको नाम तानसेन कसरी रह्यो भन्ने सम्बन्धमा पनि विभिन्न मतहरु रहेको पाइन्छ । सेन बंशका प्रख्यात राजा ताम्र सेनले तानसेन सहरको स्थापना गरेका थिए भन्ने धारणा पाइन्छ । ताम्र सेनद्वारा स्थापित भएका कारण सुरुमा यस सहरलाई नै ताम्रसेन सहर भन्ने गरिएकोमा पछि विस्तारै तानसेन भन्न थालिएको मानिन्छ (प्रधान, २०३० : ३७) ।तानसेनको नामकरण सम्बन्धमा मगराती भाषाको शब्द 'तानसिंङ' बाट बनेको हो भन्ने धारणा पनि पाइन्छ । मगर भाषामा तानसिंङ शब्दको अर्थ उत्तरको बस्ती वा घनाबस्ती भन्ने हुन्छ (शाक्य, २०५२ : २६) । शाक्य, छत्रराज ( २०५२). पाल्पामा बुद्ध धर्मको विकास. ज्ञानमाला (स्मारिका).पाल्पा : यँ ज्ञानमाला महासंघ । यस्ता तर्कहरुमध्ये तानसेनको नामकरण मगर भाषाको तानसिङ शब्दबाट नै भएको हो भन्ने विषयमा धेरै विद्वानहरु सहमतीको नजिक पुगेको देखिन्छ ।

पाल्पा राज्यको इतिहास निकै पुरानो तथा प्राचीन तथा गौरवशालीका रहेको पाइन्छ । यस्तो गौरवशाली राज्यका प्रथम शासक रुद्रसेन थिए (राजवंशी, २०२० : ३). । सेन वंशका महत्वाकांक्षी राजा मणिमुकुन्द सेन प्रथमको समयमा पाल्पा राज्यले वृहत आकार लिन सफल भएको थियो । उनको शासनकालमा पाल्पा राज्यको सीमाना पूर्वमा बराह क्षेत्रको अन्त्यसम्म, पश्चिममा रुरु क्षेत्रको अन्त्यसम्म तथा दक्षिणमा हरिक्षेत्रको भूखण्डसम्म विस्तारित भएको थियो । तत्कालीन समयमा उनले पहाड, तराई र नेपाल उपत्यकासम्म विजय गरेको उल्लेख छ (अधिकारी, २०५४ : ११) । पाल्पा मगरहरुको ठूलो बस्ती भएको क्षेत्र हो । यस क्षेत्रमा पचस प्रतिशत भन्दा बढी मगर जातिका मानिसहरुको बस्ती रहेको छ । मगर जातिका मानिसहरुलाई बौद्धमार्गी मान्ने हो भने यस क्षेत्रमा ५५ प्रतिसत जति मानिसहरुले बौद्ध धर्म मान्ने गरेको पाइन्छ ।

पाल्पा जिल्लाको सदरमुकाम तानसेन बजारमा करिव ९० प्रतिशत नेवार जातिका मानिसहरुको बस्ती रहेको छ (शाक्य, २०५४ : २०) । तिनीहरुमा शाक्य, बज्राचार्य, महर्जन, उदय, नापित, तुलाधर, मानन्धर, तम्राकार, नकर्मी आदि रहेका छन् । यिनीहरु प्राय बौद्ध धर्मावलम्बी हुन् । यिनीहरुले विभिन्न पेसा अंगाल्दै आएका छन् । त्यसो भएपनि उनीहरुको प्रमुख पेसा व्यापार नै रहेको छ । केहीले सरकारी कार्यालयमा जागीर पनी गर्दछन् । केही उद्योगी रहेका छन् । यसमध्ये केहीले सानातिना होटल व्यवसाय पनि सञ्चालन गर्दछन् । यहाँका शाक्य, बज्राचार्य आदिका केही परिवारले भने धातुका करुवा, अंखोरा, हुँक्का, मूर्ति, गजुर, घण्टा, सुकुण्डा आदि निर्माण गर्ने उद्योग पनि खोलेका छन् । यो उद्योग तानसेन बजारको टक्सार टोलमा मात्र सिमित रहेको छ ।

नेवार समुदाय भित्र पनि विभिन्न पेसा र वर्गका मानिसहरु हुने गर्दछन् । बज्राचार्यहरु पुरोहित वर्गमा पर्ने हुनाले उनीहरु मठमन्दिरमा पूजापाठ र कर्मकाण्ड गर्दछन् । कर्मकाण्ड, विधि र व्यवहारका कार्य सम्मन्न गर्न उनीहरु बुटवल, भैरहवा, नेपालगञ्जका साथै अन्य स्थानहरुमा समेत पुग्ने गर्दछन् । यी पुजारी वर्गका बज्राचायहरु सुनका गरगहना निर्माण गर्ने र विक्रीगर्ने व्यवसायमा पनि संलग्न रहने गर्दछन् । खासगरी शाक्य थरका नेवारहरु यस्ता गरगहनाको व्यापारमा बढी संलग्न हुने गर्दछन् (शाक्य, २०५४ : २०) । पाल्पा जिल्लाको सदरमुकाम तानसेन नगरपालिका क्षेत्रमा पाँचवटा बौद्ध विहारहरु रहेका छन् । ती विहारहरु आनन्द विहार, महाचैत्य विहार, होनाङ्दी विहार, महाबोधी विहार र धर्मचक्र विहार हुन् । काठमाडौं उपत्यकाभन्दा बाहिर रहेका नेवार बस्तीहरुमध्ये पाल्पा शाक्य र बज्राचार्य थरका नेवार समुदायका मानिसहरुको बस्ती भएको स्थल हो ।

## निष्कर्ष

वर्तमान समयमा लुम्बिनी प्रदेशअन्तर्गत रहेको पाल्पा जिल्ला बौद्ध धर्मावलम्बीको घना बस्ती भएको स्थल हो । यस ठाउँमा बसोबास गर्ने नेवार समुदायका शाक्य र बज्राचार्यहरुले पाल्पा जिल्लाको सदरमुकाम तानसेन नगरपलिका भित्रका विभिन्न स्थानमा बौद्ध विहारहरु निर्माण गर्ने गरेका कारण यहाँ वर्तमान समयमा

यस क्षेत्रको धार्मिक अस्तित्व कायम रहन सकेको छ । पर्यटकीय दृष्टिले निकै महत्वपूर्ण रहेको पाल्पा जिल्लामा मगर समुदाका मानिसहरुको बाहुल्यता रहेको छ । जिल्लाको सदरमुकाममा भने नेवार समुदायका मानिसहरुको संख्या बढी रहेको छ । परम्परागत संस्कृतिको धनी सहर पाल्पा करुवा, ढाका जस्ता बस्तुको पर्यायबाचीका रुपमा पनि चिनिदै आएको छ । यसका अतिरिक्त धार्मिक दृष्टिले पनि यो सहरको छुट्टै महत्व रहेको छ । यसरी धार्मिक, सांस्कृतिक र पर्यटकीय दृष्टिले महत्वपूर्ण रहेको पाल्पा बौद्ध धर्मको विकासमा पनि निकै अग्र स्थानमा रहेको पाइएको छ ।

## सन्दर्भ सामग्री सूची


अधिकारी, सूर्यमणि (२०५४). *तनहुँ राज्यको इतिहास.* चितवन : चन्द्रप्रभा ।

आचार्य, बाबुराम *(२०४४).श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षीप्त जीवनी (भाग १).* काठमाडौं : प्रमुख संबाद सचिवालय, राजदरवार ।

घमिरे, विष्णुप्रसाद (२०४५). *पाल्पा राज्यको इतिहास.* चितवन : श्रीमती पद्मा घिमिरे ।

पोखरेल, बालकृष्ण (२०४०). *नेपाली वृहत शब्दकोष.* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

प्रधान, अयोध्या प्रसाद (२०३०). *पाल्पा एक परिचय.* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

राजवंशी, शंकरमान (२०२०). *सेन वंशावली.* काठमाडौं : वीर पुस्तकालय ।

शर्मा, बुद्धिप्रसाद (२०५४). तान्सेन-पाल्पा : एक चिनारी. *पाल्पा-तानसेन महोत्सव विषेशाङ्क.* (पृ. ७-१३). पाल्पा : तानसेन नगरपालिका ।

शाक्य, छत्रराज (२०५४). *ज्ञानमाला संघ आनन्द विहारको स्वर्ण जयन्ती स्मारिका.* तानसेन : आनन्द विहार ।

श्रेष्ठ, नारायण प्रसाद (२०४१). पाल्पाको सम्भना गर्दा. *मधुपर्क* १७(१), १९-२० ।

(https://en.wikipedia. org/wiki/List_of_districts_of_Lumbini_Province०